बैठक नं १८७

आज मिति २०८२/०४/०४ गते यस तादी गाउँपालिकाका अध्यक्ष श्री सन्तमान तामाङ ज्यू को अध्यक्षतामा गाउँपालिका, गाउँकार्यपालिकाको बैठक बसि तपसिल बमोजिमको प्रस्ताव माथि छलफल गरी निर्णयहरु गरियो।

<u>उपस्थिति</u>

| क्र.स | नाम, थर | निर्वाचित पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री सन्तमान तामाङ | अध्यक्ष | |
| २. | श्री सन्जु प्याकुरेल श्रेष्ठ | उपाध्यक्ष | |
| ३. | श्री नकुर दोङ तामाङ | १ नं वडा अध्यक्ष | |
| ४. | श्री बच्चुराम तामाङ | २ नं वडा अध्यक्ष | |
| ५. | श्री सोनाम तामाङ | ३ नं वडा अध्यक्ष | |
| ६. | श्री अस्मिन कुमार पाण्डे | ४ नं वडा अध्यक्ष | |
| ७. | श्री सरोज भण्डारी | ५ नं वडा अध्यक्ष | |
| ८. | श्री सीरमान तामाङ | ६ नं वडा अध्यक्ष | |
| ९. | श्री छिरिङ शेर्पा | कार्यपालिका सदस्य | |
| १०. | श्री देवकी विश्वकर्मा | कार्यपालिका सदस्य | |
| ११. | श्री इन्जिला सिलवाल | कार्यपालिका सदस्य | |
| १२. | श्री सरिता तामाङ | कार्यपालिका सदस्य | |
| १३. | श्री शर्मिला उप्रेती खनाल | कार्यपालिका सदस्य | |
| १४. | श्री विसु सुनार | कार्यपालिका सदस्य | |
| १५. | श्री ध्रुव खनाल | सचिव | |
| अन्य उपस्थित कर्मचारी | | | |
| १६. | श्री सेवक विक्रम राई | लेखा अधिकृत | |
| १७. | श्री विरोचन खनाल | अधिकृत छैठौं | |
| १८. | श्री शर्मिला थापा | कम्प्युटर अपरेटर | |

## प्रस्तावहरु

१. करार सेवामा रहेका कर्मचारीहरुको नवीकरण सम्बन्धमा ।

२. गाउँपालिकाबाट तयार पारिएको कार्यविधि तथा नियमावली स्वीकृत सम्बन्धमा ।

३. ढुङ्गा गिट्टी दहत्तर बहत्तरको ठेक्का खोल्ने सम्बन्धमा ।

४. आ.व २०८२/०८३ को भुक्तानी दायित्व सम्बन्धमा ।

५. विविध ।

क) गोसाईकुण्ड मेला सञ्चालन सम्बन्धमा ।

ख) स्थानीय गाडीको भाडादर सम्बन्धमा ।

ग) खा.पा.स.टे को रिक्त पदमा सम्बन्धमा ।

घ) आ.व.२०८१/८२ को वार्षिक वित्तिय विवरण प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा ।

## निर्णयहरु

| निर्णय नं. | निर्णयहरु |
|---|---|
| १ | प्रस्ताव नं १ उपर छलफल गर्दा आ.व.२०८१/०८२ मा दरबन्दी भित्र र दरबन्दी बेगर रहेका करार सेवामा कार्यरत सम्पूर्ण कर्मचारीहरुको सेवा करार निरन्तरता/नवीकरण को लागि निजहरुको कार्य सम्पादन मुल्याङ्कनको आधारमा एक वर्षको लागि म्याद थप गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने निर्णय गरियो। |
| २ | प्रस्ताव नं. २ उपर छलफल गर्दा यस गाउँपालिकाबाट तयार पारिएको तपसिलको कार्यविधि तथा नियमावली स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशित गर्ने निर्णय गरियो ।<br>१. गाउँ/नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२;<br>२. गाउँ कार्यपालिका बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०८२;<br>३. तादी गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०८२;<br>४. तादी गाउँ कार्यपालिकाको (कार्य विभाजन) नियमावली, २०८२; |
| ३ | प्रस्ताव नं. ३ उपर छलफल गर्दा ढुङ्गा गिट्टी तथा बालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ को अधिनमा रही तादी गाउँ कार्यपालिकाले मिति २०८१/०५/२५ मा पास गरेको प्रारम्भिक वाताबरणीय परीक्षण (IEE) को प्रतिवेदन अनुसार हुने गरि दहत्तर बहत्तर को ठेक्का आव्हान गर्ने निर्णय गरियो । |
| ४ | प्रस्ताव नं ४ उपर छलफल गर्दा मितिः २०८२/०३/०९ गतेको गाउँसभाको निर्णयले आ.व २०८१/८२ मा भुक्तानी दायित्वको रुपमा बाँकी रहेमा आ.व. २०८१/८२ को अल्या रकमबाट भुक्तानी गर्ने भनी निर्णय गरेको छ । आ.व.को अन्तिम सम्ममा स्रोत अभाव तथा अन्य कारणले तपशिल बमोजिमको योजना तथा कार्यक्रमहरुमा सिर्जित दायित्व आ.व. २०८१/०८२ मा बाँकी रहन गएको अल्या रकमबाट स्रोत बेहोर्ने गरी भुक्तानी दिनको लागि सूत्र प्रणालिमा प्रविष्टि गर्ने निर्णय गरियो । साथै अल्या रकममध्ये पचपन्न प्रतिशत पूँजीगत तर्फ र बाँकी पैंतालिस प्रतिशत चालु तर्फ विनियोजन गर्ने निर्णय गरियो । |

गाउँपालिका स्तरिय योजना तथा कार्यक्रमहरुको आ.व. 081/082 को भुक्तानी दायित्व

| क्र.स | योजना तथा कार्यक्रम | रकम |
|---|---|---|
| 1 | तिन खोप्रे बाटो मर्मत, तादी ६ | १०००००० |
| 2 | काल्चे गैह्रीखर्क मोटरवाटो स्तरोन्नती, तादी १ | ६१५२७३ |
| 3 | दाहालथोक पहिरो नियन्त्रण, तादी २ | ७४२०५८ |
| 4 | विज्ञान मा.वि. चमेना गृह निर्माण, तादी ५ | ५३३५२१ |
| 5 | स्वास्थ्य चौकी वाटो, तादी ४ | २०३५७९ |
| 6 | बाटो सरसफाई तथा मर्मत, तादी १, ३, ४ र ५ | ५८४४६२ |
| 7 | खेलकुद कार्यक्रम तादी गा.पा. | ५९०००० |
| 8 | दोर्खुपुल धन्सार मानेडाँडा सडक निर्माण वडा नं १ ठेक्का भुक्तानी बाँकी | ८८०००० |
| 9 | बाहुनबेंशी नर्जा डाँडाको पाटो सडक निर्माण वडा नं ५ ठेक्का भुक्तानी बाँकी | ५००००० |
| 10 | खरानीटार खानेपानी | ३०००००० |
| 11 | सोलार मर्मत | ५००००० |
| 12 | अनलाइन नुवाकोट नेटवर्क | २००००० |
| 13 | गाउँपालिका हल पार्टेशन | ४००००० |
| 14 | भुक्तानी दायित्व विविध | ५००००० |
| 15 | मेशिनरी औजार भुक्तानि दायित्व | ५००००० |
| 16 | जोगी गुफा प्रभुडाडा डाडागाउँ गुम्वा डाँडा र डाडा गाउँ सिम्ले सडक मर्मत | ६९८००० |
| | जम्मा | ११४४६८९३ |

५ विविध

क) प्रस्ताव उपर छलफल गर्दा आउदै गरेको आसन्न जनैपूर्णिमा पर्वलाई मध्यनजर गरी गोसाईकुण्ड मेला सञ्चालनको लागि स्थलगत अनुगमन गरी त्यहाँ सडकमार्ग तथा पदमार्गको आवश्यकता अनुसार मर्मत गर्ने, वासस्थान व्यवस्थापन र खुकुरी धार क्षेत्रमा घेरावार गर्ने र सो को लागि लाग्ने रकम विपद व्यवस्थापन कोषबाट खर्च लेख्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने निर्णय गरियो।

ख) प्रस्ताव उपर छलफल गर्दा स्थानीय स्तरमा सञ्चालित सवारी चालक/सवारी धनीहरुले आफ्नो मनोमानी तरिकाले भाडा लिएको भन्ने तिब्र जनगुनासो आएकोले स्थानीय स्तरमा भाडादर निर्धारणको लागि जिल्ला प्रशासन कार्यालयमा स्थानीय भाडादर कायम गर्न अनुरोध गरी पठाउने निर्णय गरियो।

ग) तादी गाउँपालिका रोजगार सेवा केन्द्रमा कार्यरत इन्जिनियरिङ सेवा, सब इन्जिनियर पाँचौ तहमा कार्यरत श्री इश्वर श्रेष्ठलाई गाउँपालिकामा रिक्त रहेको खा.पा.स.टे चौथो तहको पदमा स्थानान्तरण गरी कामकाजमा लगाउने निर्णय गरियो ।

घ) गत आ.व.०८१/८२ को राजश्व, विनियोजन, धरौटी, विविध खर्च खाताहरु, कार्य सञ्चालन कोषहरु समेतको प्राप्ति र भुक्तानीको साथै बचत बाँकीको वार्षिक वित्तिय प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो।